नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोनः ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्सः ०१०-५४०१३३
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः www.daorasuwa.moha.gov.np
476W+J6
धुन्चे, रसुवा

पत्र संख्या : ०७७।७८
चलानी नम्बर :

मितिः २०७८।०३।१४

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभर फैलिंदै गैरहेको नयाँ भेरियन्टको कोभिड-१९ को महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा यस जिल्लामा समेत संक्रमण तीव्र रुपमा बढी रहेको हुँदा कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार(मन्त्रिपरिषद्) बाट प्रत्यायोजित अधिकार बमोजिम संक्रामक रोग, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले प्रमुख जिल्ला अधिकारीलाई दिएको अधिकार प्रयोग गरी साथै जिल्लास्तरीय कोभिड-१९ संकट व्यस्थापन केन्द्र (DCCMC), रसुवाको मिति २०७८।०३।१४ गतेको सिफारिस बमोजिम मिति २०७८।०३।२१ गते राती १२:०० बजेसम्म रसुवा जिल्लाभर लागूहुने गरी देहाय बमोजिमको निषेधाज्ञा निरन्तरता गर्ने आदेश जारी गरिएको छ।

**१. सर्वसाधारणका लागिः**

- अत्यावश्यक काम(औषधि, खाद्यबस्तु तथा अत्यावश्यक बस्तु तथा सेवा खरिद) वाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड (नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य मास्क र स्यानिटाईजरको प्रयोग) को अनिवार्य पालना गर्ने।
- बजार, मेला, महोत्सव, पार्टी, भोज भतेर लगायत भिडभाड हुने कार्य नगर्ने/नगराउने।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने।

**२. सरकारी, अर्धसरकारी, सार्वजनिक कार्यालय, बैंक तथा वित्तीय संस्था सञ्चालन सम्बन्धमाः**

- अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्दा आवश्यक कागजपत्र (अस्पतालका कागज वा अत्यावश्यक कार्य प्रमाणित हुने कागजपत्र) देखाई अनुमति प्राप्त भए पश्चात मात्र यात्रा गर्ने।
- सरकारी, अर्धसरकारी, सार्वजनिक कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा अनावश्यक भिडभाड हुन नदिने र अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयले कर्मचारी खटाई काम सुचारु राख्ने व्यवस्था मिलाउने। अत्यावश्यक सेवाका कर्मचारीलाई कार्यालयको परिचयपत्रका आधारमा सवारी साधन चलाउन पाईने।

**३. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः**

- खाद्यबस्तु तथा पशुपंछीका दाना, खाना पकाउने ग्यास, तरकारी, फलफूल, दुग्ध डेरीजन्य, माछा मासु, पानी, निर्माण सामग्री लगायत अत्यावश्यक पसल व्यवसायहरु बिहान ६:०० बजेदेखि ११:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि ८:०० बजेसम्म सञ्चालन गर्ने।
- औषधि एवं स्वास्थ्य सामग्रीका पसलहरु २४ सैं घण्टा खुला रहने।

**४. सवारी साधन सञ्चालन सम्बन्धमाः**

- निर्माण कार्यमा प्रयोग हुने सवारी साधन,
- सीमानाकाबाट सामान ओसारपसार गर्ने सवारी साधन,
- भन्सार सम्बन्धी कार्य गर्न आउने भन्सार एजेन्टहरुले प्रयोगगर्ने सवारी साधन,
- अत्यावश्यक सामग्री एवं बस्तु आयातमा प्रयोग हुने सवारी साधन।

उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे/गराईएको पाईएमा स्थानीय प्रशासन ऐन, २०२८ र कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

ईश्वरी प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी